बैठक संख्या :- ५२
मिति :- २०७६।०३।०९ (सोमवार)
समय :- विहान : ८.०० वजे

कमलामाई नगरपालिका नगरकार्यपालिकाको बैठक नगर प्रमुख श्री खड्ग बहादुर खत्री ज्यूको अध्यक्षतामा बसी देहाय वमोजिम निर्णय भयो ।

| | |
|---|---|
| श्री खड्ग बहादुर खत्रि | - नगर प्रमुख |
| श्री मंजु देवकोटा | - नगर उप-प्रमुख |
| श्री महेशराज खतिवडा | - वडा अध्यक्ष १ |
| श्री नवराज थिङ | - वडा अध्यक्ष २ |
| श्री खड्ग प्रसाद चौलागाँई | - वडा अध्यक्ष ३ |
| श्री महेन्द्र प्रसाद ढकाल | - वडा अध्यक्ष ४ |
| श्री पुर्ण बहादुर खडका | - वडा अध्यक्ष ५ |
| श्री उज्ज्वल कुमार थापा | - वडा अध्यक्ष ६ |
| श्री कर्ण बहादुर घिसिङ | - वडा अध्यक्ष ७ |
| श्री टिका बहादुर मुक्तान | - वडा अध्यक्ष ८ |
| श्री देवराज पौडेल | - वडा अध्यक्ष ९ |
| श्री रामहरि ढुङ्गेल | - वडा अध्यक्ष १० |
| श्री राम बहादुर थिङ | - वडा अध्यक्ष ११ |
| श्री ललित बहादुर आले | - वडा अध्यक्ष १२ |
| श्री किरण माझी | - वडा अध्यक्ष १३ |
| श्री जितलाल अधिकारी दनुवार | - वडा अध्यक्ष १४ |
| श्री शिव कुमारी रायमाझी | - महिला सदस्य |
| श्री कान्ता ढकाल | - महिला सदस्य |
| श्री रुद्र कुमारी कार्की | - महिला सदस्य |
| श्री पदम कुमारी बस्नेत | - महिला सदस्य |
| श्री सुनिता सार्की | - महिला सदस्य |
| श्री केशर बहादुर नेपाली | - दलित / अल्पसंख्यक सदस्य |
| श्री झौला अधिकारी दनुवार | - दलित / अल्पसंख्यक सदस्य |
| श्री नरेश वि.क | - दलित/ अल्पसंख्यक सदस्य |
| श्री पुरुषोतम सुवेदी | - प्रमुख प्रसशाकिय अधिकृत ( सदस्य सचिव) |
| श्री हेमेन्द्र कुमार कार्की | - ले. अ. |
| श्री सुमित्ति कुमार वर्मा | - प्रा. ले. प. अ. |

**निर्णय नं. १ :-** कमलामाई नगरपालिका विकास समति ऐन-२०७६ स्वीकृतको लागि नगर सभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. २ :-** दैनिक भ्रमण भत्ताको खर्चलाई मितव्ययीता कायम गर्दै काम कारवाहीलाई थप व्यवस्थित गुणस्तरीय बनाउन नगरपालिका भित्र जनप्रतिनिधि/ कर्मचारीहरु खटिएको अवस्थामा अनुगमन खर्च पाउने व्यवस्थालाई कार्यविधि बनाई खर्च गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३ :-** उपभोक्ता सम्वन्धी कार्यविधि, २०७५ मा व्यवस्था भए वाहेक आर्थिक वर्ष ०७६।०७७ वाट नगरपालिकावाट संचालित योजनाहरु मा उपभोक्ता समिति मार्फत कार्य गराउदा १०% नगद र १०% जनश्रमदान राखि कार्य गराउने र नगरपालीकावाट विनीयोजन पुरै रकम र उपभोक्ता समिति वाट जम्मा भएको लागत सहभागित १०% समेत भुक्तानी हुने गरी कार्यविधिमा शंसोधन गर्ने निर्णय गरियो ।

**निर्णय नं.४ :-** वडा नं. १२ वडा अध्यक्ष श्री ललित बहादुर आले विरामी भई उपचार गराउदा लागेका रु. ३०,०००।- (तिस हजार), वडा नं. ३ का अध्यक्ष श्री खडग प्रसाद चौलागाई को मृगौलामा भएको पत्थरी को उपचारको लागि रु. ३०,०००।- (तिस हजार)र कार्यपालिका का सदस्य श्री केशर बहादुर नेपालीलाई नाक सम्वन्धी उपचारको लागि रु. ३००००।- (तिस हजार) आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ५ :-** मिति २०७६।०३।०९ गते हुन गईरहेको पाँचौ नगर सभामा उपस्थित हुन हुने नगर सभा सदस्यहरु एवं सहयोगी कर्मचारीहरुलाई आते, जाते २ दिनको प्रति दिन रु. १,५००।- का दरले यातयात खर्च वापत उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ६ :-** भुकम्प पिडितलाई २ (दुई) कोठासम्मको १ (एक) तला मात्र घर बनाउन नक्शा पास गर्दा लाग्ने राजश्व छुट दिने । २ (दुई) कोठा भन्दा वढीको भएमा वढी भएको हदसम्मको कर लिने ।

**निर्णय नं. ७ :-** प्रत्येक वडामा १/१ जनाका दरले प्राविधिक कर्मचारी उपलब्ध गराउने । स्थायीबाट पूर्ति नभए करारमा राखी कामकाज लगाउने ।

**निर्णय नं. ८:-** उपभोक्ताद्वारा संचालन हुने सानो पूर्वाधार निर्माण वा मर्मत सुधार तर्फका रु. २,००,०००।- (दुई लाख) सम्मका योजना/कार्यक्रमहरुको इष्टिमेट तयार गरी वडा कार्यालयका प्राविधिकबाटै गराउने, वडा समितिको निर्णयका आधारमा वडा सचिवबाट सम्झौता गर्ने र कार्य सम्पन्न भएपछि प्राविधिकको अनुगमन प्रतिवेदन, वडा समितिको निर्णय सहित भुक्तानीका लागि नगरपालिका कार्यालयमा पठाउने । कार्यालयले थप अनुगमन आवश्यक छ भन्ने देखेमा थप अनुगमन निरीक्षण गरी वा यथावत रुपमा नै भुक्तानी दिने व्यवस्था मिलाउने ।

**निर्णय नं. ९:-** नगरपालिका क्षेत्र भित्रका सबै वडाहरुमा घर नक्शा पास गर्नु पर्ने व्यवस्था कायम गर्ने । साविकका गा.वि.स. गाभिएर बनेका वडाहरुमा वडा स्तरबाटै नक्शा पास गर्ने व्यवस्था मिलाउने ।

**निर्णय नं. १०:-** संघीय सरकारबाट स्थायी कर्मचारीहरुको तलबमा राजपत्रांकित तर्फ १८% र राजपत्रअनंकित र श्रेणी विहिन तर्फ २०% तलब वृद्धि गर्ने निर्णय भए अनुसार नै नगरपालिका वा अन्तर्गतका कर्मचारीहरुको तलब वृद्धि गर्ने निर्णय गरियो । संघीय सरकारको निर्णयले स्वत: तलब वृद्धि हुने कर्मचारीहरुका हकमा भने सोही निर्णयलाई नै स्वीकार गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११:-** नगरपालिका अन्तर्गत करार सेवाबाट काममा लगाइएका कर्मचारीहरुलाई करार सम्झौतामा उल्लेख भए वमोजिमको सेवा सुविधा प्रदान गरिने छ । यसरी सम्झौता गर्दा समान पदमा बढेको तलब तथा अन्य सेवा सुविधासँग तादाम्यता मिल्ने गरी व्यवस्था मिलाउने । लुगा भत्ता तथा महंगी भत्ताको सम्बन्धमा पनि करार सम्झौतामा उल्लेख भए अनुसार नै हुने निर्णय गरियो ।

**निर्णय नं. १२:-** सिन्धुलीगढीमा २४ सै घण्टा सेवामा खटिने नगर प्रहरीलाई उक्त स्थानको महंगीलाई समेत मध्ये नजर गरी मासिक रु. ३,०००।- (तीन हजार) थप रासन भत्ताका साथै समूहमा खाना बनाउनका लागि मासिक २ (दुई) वटा ग्याँस (रिफिल ग्याँस) उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. १३:-** नगरपालिकाको सडक सरसफाईमा दैनिक ज्यालादारीमा काम गर्ने तथा नगर प्रहरीहरु, बारुण यन्त्रमा काम गर्ने कर्मचारीहरुलाई मासिक न्यूनतम रु. १३,५००।- (तेह्र हजार पाँच सय) हुने गरी ज्याला तोक्ने । अतिरिक्त समय काम गरेवापतको भत्ता कामका आधारमा यथावत प्रदान गर्ने । तर यस्तो सुविधा सडक सरसफाईमा संलग्नका हकमा मात्र लागू हुनेछ । लुगा भत्ता तथा महंगी भत्ता यथावत रहने निर्णय गरियो ।

**निर्णय नं. १४** :- वडा कार्यालयहरुका लागि विनियोजित बजेट मध्ये विपद् व्यवस्थापन, विविध तथा अन्य कार्यक्रमका लागि बढीमा रु. ५,००,०००।- (पाँच लाख) सम्म विनियोजन गरी कार्यक्रम तयार गर्ने सोलाई अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १५** :- नगरपालिकामा हाल अस्थायी, करार एवं ज्यालादारीमा काममा लगाईएका कर्मचारीहरुलाई कार्यचाप तथा औचित्य हेरी नगरपालिका कार्यालयबाटै आवश्यकताका अधारमा आगामी आ.व. मा सोही अनुसार सम्झौता गरी काममा लगाउने । नयाँ दक्ष कर्मचारी आवश्यक परेको महसुश भएका साविकका पदहरुमा नयाँ विज्ञापन गरी छनौटको माध्यमद्वारा काममा लगाउने ।

**निर्णय नं. १६** :- यस अघि कार्यपालिकाको विभिन्न बैठकहरुबाट भएका निर्णयहरु नगर सभाबाट अनुमोदन गर्ने निर्णय गरियो ।

- वडा नं. १० को विद्यालयको जग्गा खरिद
- विज्ञापन कर वापत लगाइएको ठेक्कामा रु. २,००,०००।- छुट दिने
- वडाबाट सिफारिस भए अनुसारको योजना संशोधन अनुमोदन
- कार्यपालिकाबाट भएका अन्य योजनाहरुको संशोधन अनुमोदन
- हालसम्म भएका खर्चहरु अनुमोदन

- नगरपालिकाद्वारा गठित विभिन्न समिति वा उप-समितिहरुलाई प्रदान गरिएको भत्ता रकम अनुमोदन गर्ने
- नगर कार्यपालिकाद्वारा निर्णय भए अनुसारको देहाय वमोजिमको विदाहरु अनुमोदन गर्ने ।

**निर्णय नं. १७ :-** नगरपालिकाको बढ्दो क्षेत्र, कार्यालय तथा नगरपालिकाले जनता समक्ष पुऱ्याउनु पर्ने सेवा सुविधालाई सहज, सरल, छिटो, छरितो, गुणस्तरीय र पहुँच योग्य बनाउनका लागि नगरपालिकाको O & M सर्भे भई नयाँ दरबन्दी स्वीकृत नभएसम्मका लागि संघीय सरकारबाट स्वीकृत दरबन्दी तथा नगरपालिकाको बढ्दो कार्यचाप र कार्य क्षेत्र समेतका आधारमा देहाय वमोजिमको दरबन्दी तथा संगठन संरचना कायम गर्ने निर्णय गरी तत्काल स्थायीबाट पूर्ति हुन नसकेका पदहरुमा करार सेवाबाट काममा लगाउने निर्णय गरियो ।

## कर्मचारी दरबन्दी विवरण :

प्रमुख प्रशासकीय अधिकृत – रा.प. द्वितीय १ (एक) स्थायी

**शिक्षा शाखा :**
उप-सचिव (शिक्षा) दशौं तह – १ (एक) स्थायी
अधिकृत (शिक्षा) सातौं तह – १ (एक) स्थायी
ना.सु. (प्रा.स.) पाँचौं तह – १ (एक) स्थायी
प्राविधिक (अ.स.ई.) चौथो तह – १ (एक) ज्यालादारी/करार
कार्यालय सहयोगी – १ (एक) ज्यालादारी/करार

**आर्थिक प्रशासन शाखा :**
लेखा अधिकृत सातौं तह – १ (एक) स्थायी
लेखापाल पाँचौं तह – २ (दुई) स्थायी
कार्यालय सहयोगी – १ (एक) स्थायी

**आन्तरिक लेखापरीक्षण शाखा :**
आ.ले.प. अधिकृत सातौं तह – १ (एक) स्थायी
आ.ले.प. सहायक पाँचौं तह – १ (एक) स्थायी

**कानून शाखा :**
कानून अधिकृत छैटौं तह – १ (एक) करार
सहायक चौथो/पाँचौं तह – १ (एक) स्थायी
कम्प्युटर सहायक चौथो तह – १ (एक) करार

**महिला विकास तथा पञ्जिकरण शाखा :**
म.वि. अधिकृत छैटौं तह – १ (एक) स्थायी
स.म.वि. निरीक्षक पाँचौं तह – १ (एक) स्थायी

**सामाजिक विकास शाखा :**
अधिकृत सातौं तह – १ (एक) स्थायी
कार्यालय सहयोगी १ (एक) ज्यालादारी/करार

**सामाजिक सुरक्षा तथा संघ/संस्था समन्वय शाखा :**
सहायक चौथो/पाँचौं तह – २ (दुई) स्थायी १/अस्थायी करार १

**सूचना प्रविधिक शाखा :**
सूचना प्रविधि अधिकृत छैठौं तह – १ (एक) करार
सहायक कम्प्युटर अपरेटर चौथो तह – १ (एक) करार

**प्रशासन शाखा :**
अधिकृत छैठौं/सातौं/आठौं तह – १ (एक) स्थायी
सहायक चौथो/पाँचौं तह – ४ (चार) (पि.ए. समेत) (दर्ता + प्रशासन)
सहायक कम्प्युटर अपरेटर चौथो/पाँचौं – १ (एक)
सवारी चालक – ५ (पाँच) करार
(नगर प्रमुख, उप-प्रमुख, प्रमुख प्रशासकीय अधिकृत, डोजर, रोलरका लागि)
कार्यालय सहयोगी – १० (दश) वडाका लागि थप समेत
सहायक चौथो तह – ३ (तीन) करार (टिकट काउन्टरका लागि न.पा. १ जना र सिन्धुलीगढी २ जना)

**विपद् तथा वातावरण व्यवस्थापन शाखा :**
सहायक पाँचौं/चौथो तह – १ (एक) स्थायी
सरसफाई कर्मचारी – ३० (तीस) करार/ज्यालादारी (कार्यरत २३ जना)
हेभी चालक – ६ (छ) स्थायी २, ट्याक्टर चालक ३ (तीन) करार/ज्यालादारी,
सक्सन १ (दमकल समेत) ३ करार
नगर प्रहरी शाखा :
नगर प्रहरी सहायक निरीक्षक (असई) – १ (एक) करार
नगर प्रहरी हवल्दार – ४ (चार) स्थायी २, करार २ (सिन्धुलीगढीमा समेत)
नगर प्रहरी जवान – १८ (अठार) करार (सिन्धुलीगढीमा समेत)

**कृषि तथा पशु विकास शाखा :**
कृषि विकास अधिकृत सातौं तह – १ (एक) स्थायी
ना.प्रा.स. कृषि – २ (दुई) करार
जे.टि.ए. कृषि – १४ (चौध) करार

पशु चिकित्सक अधिकृत छैठौं/सातौं/आठौं तह – १ (एक) स्थायी
पशु विकास अधिकृत छैठौं/सातौं/आठौं तह – १ (एक) स्थायी
पशु स्वास्थ्य प्राविधिक – २ (दुई) स्थायी
पशु सेवा जे.टि.ए. – १४ (चौध) करार
कार्यालय सहयोगी – २ (दुई) स्थायी

**कृषि विकास सेवा केन्द्र, भिमान :**
ना.प्रा.स. – १ (एक) स्थायी
कार्यालय सहयोगी – १ (एक) करार

**कृषि विकास सेवा केन्द्र, रानीचुरी :**
ना.प्रा.स. – १ (एक) स्थायी
कार्यालय सहयोगी – १ (एक) करार

**पशु विकास सेवा केन्द्र, भिमान :**
पशु स्वास्थ्य प्राविधिक पाँचौं/छैठौं तह – १ (एक)
ना.प्रा.स. चौथो/पाँचौं तह – १ (एक)
कार्यालय सहयोगी – १ (एक)

**स्वास्थ्य शाखा :**
जनस्वास्थ्य अधिकृत सातौं तह – १ (एक) स्थायी
स्वास्थ्य अधिकृत छैठौं तह – १ (एक) स्थायी
स्टाफ नर्स सहायक पाँचौं तह – १ (एक) स्थायी
कार्यालय सहयोगी – १ (एक)

**राजश्व उप-शाखा :**
सहायक चौथो/पाँचौं तह – ४ (चार) (भिमानलाई समेत)
सहायक कम्प्युटर अपरेटर चौथो तह – २ (दुई)
कार्यालय सहयोगी – २ (दुई) करार/ज्यालादारी

**जिन्सी उप-शाखा :**
सहायक चौथो/पाँचौं तह – १ (एक) स्थायी
सहायक कम्प्युटर अपरेटर चौथो तह – १ (एक) करार
कार्यालय सहयोगी – १ स्थायी

**घर नक्शा शाखा :**
ईन्जिनियर अधिकृत छैठौं तह – १ करार
अ.स. ईन्जिनियर/स. ईन्जिनियर चौथो/पाँचौं तह – २ (दुई) स्थायी १/करार १
सर्भेक्षक/अमिन चौथो/पाँचौं तह – ३ (तीन) करार
(ऐलानी जग्गा एकीकरण कार्यक्रम र न्यायीक समिति समेत)
सहायक चौथौ/पाँचौं तह – १ (एक) स्थायी प्रशासन

**पूर्वाधार विकास तथा योजना शाखा :**
ईन्जिनियर सातौं तह – १ (एक) स्थायी/करार
ईन्जिनियर छैठौं तह – १ (एक) स्थायी
स. ईन्जिनियर पाँचौं तह – ६ (छ) (हाल स्थायी १)
अ.स. ईन्जिनियर चौथो तह – ४ (चार)
सहायक चौथो/पाँचौं तह – १ (एक) स्थायी

**विद्युत विकास शाखा :**
ईलेक्ट्रिक ईन्जिनियर छैठौं तह – १ (एक) करार
ईलेक्ट्रिसियन सहायक चौथो/पाँचौं तह – १ (एक) करार

**वडा कार्यालय (१४ वटा) :**
सहायक चौथो/पाँचौं तह – १४ (चौध) स्थायी
सहायक कम्प्युटर अपरेटर चौथो तह – १४ (चौध) करार
अ.स.ई. चौथो तह – १४ (चौध) स्थायी/करार (५ पाँच जना स्थायी)
कार्यालय सहयोगी – १४ (चौध)

सडक हेरालु ४ (चार) महिनाको लागि १० जना (विशेष सडकका लागि)

**रोजगार सूचना केन्द्र :**
रोजगार अधिकृत छैठौं तह – १ (एक) करार

**६ वटा शहरी स्वास्थ्य क्लिनिक :**
हेल्थ असिस्टेन्ट पाँचौं तह – १ (एक) करार
अ.हे.व. चौथो/पाचौं तह – १ (एक) करार
अ.न.मी. चौथो तह – २ (दुई) कार्यरत १, करार १
कार्यालय सहयोगी – १ (एक) करार

**८ वटा स्वास्थ्य केन्द्र (प्रस्तावित बेल्टार स्वास्थ्य केन्द्र समेत) :**
सि.अ.हे.व./हेल्थ असिस्टेन्ट छैठौं/पाँचौं तह – १ (एक) स्थायी
अ.हे.व. चौथो/पाचौं तह – २ (दुई) स्थायी
अ.न.मी. चौथो/पाँचौं तह – २ (दुई) स्थायी
कार्यालय सहयोगी – १ (एक) करार

**४ वटा वर्थिङ्ग सेन्टर :**
अ.न.मी. थप चौथो/पाँचौं तह – करार
मेडिकल ल्याव टेक्निसियन चौथो/पाँचौं तह – ४ (चार) करार
वर्थिङ्ग सेन्टरमा स्वीपर – ४ (चार)

**वर्थिङ्ग सेन्टर :**
रानीवास (१३ र १४ वडा), चपौली, भिमान, रानीचुरी (११ र १२), प्रस्तावित डाँडीगुराँसे र भद्रकाली

**आयूर्वेद औषधालय, रानीवास :**
कविराज – १ (एक)
वैद्य – १ (एक)
कार्यालय सहयोगी – १ (एक)

**निर्णय नं. १८** :– आर्थिक वर्ष ०७६।०७७ को निम्न अनुसार बजेट तथा कार्यक्रम स्वीकृतको लागि नगर सभामा पेश गर्ने निर्णय गरियो ।

अनुसूची १

# राजस्व तथा अनुदान प्राप्तिको अनुमान

आ.व.२०७६/७७

| | शीर्षक | | |
|---|---|---|---|
| राजश्व: आन्तरिक श्रोत तर्फ (लागत सहभागिता सहित ) | | १४२४१८००० | |
| १. | आन्तरिक राजस्वः | ७६९१८००० | |
| | सम्पत्ती कर | ५०००००० | |
| | घरबहाल कर | ४०००००० | |
| | घरजग्गा रजिष्ट्रेशन शुल्क | १५०००००० | |
| | सवारी साधन दर्ता तथा बार्षीक सवारी कर | १००००० | |
| | सेवा शुल्क (स्थानीय पूर्वाधार तथा सेवा उपयोगमा) | ० | |
| | दस्तुर (स्थानीय तहबाट हुने सिफारिस लगायतमा) | ८१००००० | |
| | आय श्रोत प्रमाणित | ३००००० | |
| | पर्यटन शुल्क | ० | |
| | विज्ञापन कर | ७००००० | |
| | सवारी पार्कींग शुल्क | १०००००० | |
| | दर्ता तथा नविकरण शुल्क | १००००० | |
| | व्यवसाय कर | १५००००० | |
| | भूमिकर (मालपोत) कर (बक्यौता) | १००००० | |
| | सरसफाई शुल्क | १०००००० | |
| | सेवा शुल्क तथा महशुल | ११८००० | |
| | अचल सम्पत्तिको मूल्यांकन शुल्क | ५००००० | |
| | दण्ड जरिवाना | ३००००० | |
| | मनोरञ्जन कर | १००००० | |
| | बहाल विटौरी कर ( बजार ठेक्का सहित ) | ५०००००० | |
| | मृत वा मारिएका जीव जन्तुको हाड, सिंग, प्वाँख, छालामा कर | ० | |
| | प्राकृतिक स्रोत साधन व्यवसायिक कर | ० | |
| | शेयर लगानीबाट प्राप्त लाभांश तथा पूँजिगत लाभ आय | ० | |
| | ऋण लगानीबाट प्राप्त व्याज आय | ० | |
| | घर नक्सा पास दस्तुर | ४०००००० | |
| | ढुंगा, गिट्टी, बालुवा उत्खनन् तथा विक्री | २५०००००० | |
| | अन्य विधि राजश्व | ५०००००० | |
| | *जम्मा* | ७६९१८००० | |
| २. | अन्य आयः | ६५५००००० | |
| | साविक स्थानीय निकायबाट हस्तान्तरण भई प्राप्त रकम | ० | |
| | बेरुजु असुली | २५००००० | |
| | प्रदेशको अल्या राजश्व बाडफाड | १३०००००० | |

| | | | |
|---|---|---|---|
| | गत वर्षको नगद मौज्दात | ५००००००० | |
| | *जम्मा* | ६५५००००० | |
| | *जम्मा आन्तरिक आय* | १४२४१८००० | |
| अन्तर सरकारी वित्तीय हस्तान्तरण तर्फ | | ९१२८७२००० | |
| १. | नेपाल सरकारबाट प्राप्त अनुदानः | ८३१४००००० | |
| | वित्तीय समानीकरण अनुदान | १७९३००००० | |
| | सशर्त अनुदान | ३७१९००००० | |
| | राजश्व बाडफाड | १५९९००००० | |
| | समपूरक अनुदान | | |
| | एल.जी.सी.डी.पी. | ३००००० | |
| | सामाजिक सुरक्षा अनुदान | १२०००००००| |
| | विशेष अनुदान | | |
| | *जम्मा* | ८३१४००००० | |
| २. | प्रदेश सरकारबाट प्राप्त अनुदानः | ८१४७२००० | |
| | वित्तीय समानीकरण अनुदान | १०८६०००० | |
| | सशर्त अनुदान | २०८०००० | |
| | राजश्व बाडफाड | ६८५३२००० | |
| | समपूरक अनुदान | ० | |
| | विशेष अनुदान | ० | |
| | *जम्मा* | ८१४७२००० | |
| ३. | अन्य स्थानीय तहबाट प्राप्त अनुदानः | | |
| | सशर्त अनुदान | ० | |
| | समपूरक अनुदान | | |
| | विशेष अनुदान | ० | |
| | जम्मा | | |
| १. | नगद लागत सहभागिता | १३०००००० | |
| | *नगद लागत सहभागिता जम्मा* | १३०००००० | |
| | **कुल जम्मा राजश्व रकम** | **१०६८२९००००** | |

आ.व.२०७६/७७
व्यय तर्फ

| | शीर्षक | आ.व.२०७६/७७ को अनुमान | श्रोत: आन्तरिक श्रोत/राजश्व बाडफाड | श्रोत: अन्तर सरकारी वितीय हस्तान्तरण: नेपाल सरकार | श्रोत: अन्तर सरकारी वितीय हस्तान्तरण: प्रदेश सरकार |
|---|---|---|---|---|---|
| चालु खर्च नगरपालिका | | | | | |
| चालु आर्थिक वर्ष ०७५र०७६ को प्रस्तावित ब्यय | | | | | |
| १ | **पदाधिकारीहरुको पारिश्रमिक तथा सुबिधा** | | | | |
| | पारिश्रमिक | १००००००० | १००००००० | | |
| | पदाधिकारी बैठक भत्ता | ३५००००० | ३५००००० | | |
| | भ्रमण खर्च तथा दैनिक भता | २०००००० | २०००००० | | |
| | इन्धन | १०००००० | १०००००० | | |
| २ | **कर्मचारी पारिश्रमिक तथा सुबिधा** | | | | |
| | तलब | ३००००००० | ३००००००० | | |
| | मंहगी भत्ता | २४००००० | २४००००० | | |
| | स्थानीय भत्ता/प्रोत्साहन भत्ता | ५०००००० | ५०००००० | | |
| | खाधान्न (नगर प्रहरी समेत) | ९००००० | ९००००० | | |
| | विभिन्न बैठक भत्ता | २०००००० | २०००००० | | |
| | कर्मचारी प्रोत्साहन तथा पुरस्कार | ३००००० | ३००००० | | |
| | कर्मचारी कल्याण कोष | १५००००० | १५००००० | | |
| | अन्य सामाजिक सुरक्षा खर्च | ५००००० | ५००००० | | |
| | सरुवा भ्रमण खर्च तथा दैनिक भ्रमण भत्ता | १५००००० | १५००००० | | |
| | पोषाक | २०००००० | २०००००० | | |
| | अन्य भत्ता | ५००००० | ५००००० | | |
| | औषधी उपचार | ५००००० | ५००००० | | |
| | तालिम कार्यक्रम खर्च | १०००००० | १०००००० | | |
| ३. | **कार्यालय संचालन सम्बन्धी खर्च** | | | | |
| | कार्यालय इन्धन खर्च | १५००००० | १५००००० | | |
| | पानी तथा बिजुली (सडक बत्ति समेत) | ३०००००० | ३०००००० | | |
| | संचार महसुल | ८००००० | ८००००० | | |
| | सूचना प्रणाली तथा सफ्टवेअर संचालन खर्च | ५००००० | ५००००० | | |
| | पत्रपत्रिका , छपाई तथा सूचना प्रकाशन खर्च | १५००००० | १५००००० | | |
| | मसलन्द तथा कार्यालय सामाग्री | ९०००००० | ९०००००० | | |
| | पुस्तक तथा सामाग्री | २००००० | २००००० | | |
| | सवारी साधन तथा मेशीनरी ओजार भाडा | ३५०००० | ३५०००० | | |
| | घर भाडा/वडा कार्यालय समेत | १२००००० | १२००००० | | |
| | वडा कार्यालय विविध खर्च | २०००००० | २०००००० | | |
| ४ | **मर्मत सम्भार खर्च** | | | | |
| | सवारी साधन मर्मत खर्च | १३००००० | १३००००० | | |
| | मेशिनरी तथा औजार मर्मत संभार तथा संचालन खर्च | ८००००० | ८००००० | | |
| | निर्मित सार्वजनिक सम्पतिको सम्भार खर्च | १७००००० | १७००००० | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | **कार्यक्रम खर्च** | | | | |
| | पंजीकरण/राजश्व/लेखा तालिम कार्यक्रम | ५००००० | ५००००० | | |
| | स्थलगत अध्ययन अवलोकन भ्रमण कार्यक्रम | १०००००० | १०००००० | | |
| | सीप विकास तथा जनचेतना अभिवृद्धि कार्यक्रम | ५००००० | ५००००० | | |
| | विविध कार्यक्रम खर्च | १५००००० | १५००००० | | |
| | विभिन्न दिवस/समारोह कार्यक्रम | ५००००० | ५००००० | | |
| | सिन्धुलीगढी दिवस | ५००००० | ५००००० | | |
| | नगरपालिका दिवस कार्यक्रम | ५०००,०० | ५००००० | | |
| | सार्वजनिक सुनुवाइ र सामाजिक परीक्षण | ५००००० | ५००००० | | |
| | सरसफाईका कार्यक्रम संचालन | ५००००० | ५००००० | | |
| | नगर सौन्दर्यकरण कार्यक्रम | १०००००० | १०००००० | | |
| | चौमासिक/बार्षिक समिक्षा कार्यक्रम | ५००००० | ५००००० | | |
| ६ | **परामर्श तथा अन्य सेवा शुल्क** | | | | |
| | करार सेवा शुल्क | २००००००० | २००००००० | | |
| | अन्य सेवा शुल्क | १५०००० | १५०००० | | |
| | सरसफाई सेवा शुल्क | ६०००००० | ६०००००० | | |
| | आवधिक योजना तर्जुमा | ५००००० | ५००००० | | |
| | नगर प्रोफाईल | १५००००० | १५००००० | | |
| ७ | **अनगुमन मुल्याङ्कन** | १५००००० | १५००००० | | |
| ८ | बिमा, दर्ता, नविकरण तथा सेवा शुल्क | ६००००० | ६००००० | | |
| ९ | **बिबिध खर्च** | | | | |
| | सांस्कृतिक रितीरिवाज खर्च | १००००० | १००००० | | |
| | मनोरञ्जन, स्वागत र अतिथि सत्कार खर्च | १०००००० | १०००००० | | |
| | पदपूर्ति खर्च | ५००००० | ५००००० | | |
| | अन्य विविध | १४००००० | १४००००० | | |
| १० | नगर सभा संचालन खर्च | ९००००० | ९००००० | | |
| ११ | भैपरी आउने खर्च | ५०००००० | ५०००००० | | |
| १२ | इन्धन अन्य प्रयोजन | ५००००० | ५००००० | | |
| १३ | अन्य सहायता | ५००००० | ५००००० | | |
| १४ | उद्धार राहत तथा पुन:स्थापना खर्च | ३००००० | ३००००० | | |
| १५ | औषधी खरिद | ३०००००० | ३०००००० | | |
| | जम्मा चालु खर्च | १३९४००००० | १३९४००००० | ० | |
| | **सर्शत चालु तर्फ** | | | | |
| १ | सामाजिक सुरक्षा | १२००००००० | | १२००००००० | |
| २ | एल.जी.सी.डी.पी. | ३००००० | | ३००००० | |
| ३ | सशर्त अनुदान खर्च | ३७३९८०००० | | ३७१९००००० | २०८०००० |
| | सर्शत चालु जम्मा | ४९४२८०००० | | ४९२२००००० | २०८०००० |
| | **विषयगत शाखाको कार्यक्रम तर्फ** | | | | |
| १ | कृषि विकास कार्यक्रम | ० | | ० | |
| २ | पशु विकास कार्यक्रम | ० | | ० | |
| ३ | शिक्षा सुधार कार्यक्रम | ० | | ० | |
| ४ | महिला बालबालिका कार्यक्रम | ० | | ० | |
| ५ | बन तथा बातावरण संरक्षण | ० | | ० | |
| ६ | युवा स्वरोजगार कार्यक्रम | ० | | ० | |
| ७ | खेलकुद विकास कार्यक्रम | ० | | ० | |
| ८ | स्वास्थ्य कार्यक्रम | ० | | ० | |
| ९ | न्यायीक समिति कार्यक्रम | ० | | ० | |
| | जम्मा विषयगत चालु खर्च | ० | | ० | |
| | कुल चालु खर्च | ६३३६८०००० | १३९४००००० | ४९२२००००० | २०८०००० |

| पुजिगत खर्च | | | | | |
|---|---|---|---|---|---|
| १ | जग्गा खरिद | ० | ० | | |
| २ | भवन निर्माण र खरिद | ० | | | |
| ३ | फर्निचर | २५००००० | २५००००० | | |
| ४ | सवारी साधन | ३०००००० | ३०००००० | | |
| ५ | मेशिनरी औजार | | ० | | |
| | स्वास्थ्य सस्थामा डि फ्रीज लगायत सामाग्री व्यवस्थापन | ११००००० | ११००००० | | |
| | वडा कार्यालय तथा स्वास्थ्य चोकीमा इ हाजिरी (इन्भर्टर सहित) | १०००००० | १०००००० | | |
| | वडामा फोटोकपी र प्रिन्टर | १४००००० | १४००००० | | |
| | मेशिनरी तथा औजार खरिद | २०००००० | २०००००० | | |
| ६ | कम्प्युटर सफ्टवेअर निर्माण तथा खरिद खर्च | | | | |
| | कृषि सम्बन्धी सफ्टवेअर | १०००००० | १०००००० | | |
| | राजश्व/जिन्सी लगायतको सफ्टवेअर खरिद | २०००००० | २०००००० | | |
| ७ | वडा कार्यालय सुद्धिढीकरण | १५००००० | १५००००० | | |
| ८ | रानीवास आयूवेंद सुद्धिढीकरण(भवन समेत) | ७००००० | ७००००० | | |
| ९ | सार्वजनिक निर्माण कार्यकम/ तथा अन्य कार्यक्रम/योजना | ३९७९१०००० | | | |
| १० | पुजिगत अनुसन्धान, परामर्श , कार्यविधि तथा प्रबर्द्धनात्मक कार्यकम | २०००००० | २०००००० | | |
| ११ | विभिन्न कोषहरूको व्यवस्थापन | १०००००० | १०००००० | | |
| १२ | आ.ब.२०७५/७६ मा बजेट विनियोजन भै सम्झौता भएका र कार्य सम्पन्न भई भुक्तानी दिन बाकी रहेका कार्यकम/आयोजनाहरू र आ.ब.२०७५/७६ का स्वीकृत योजनाहरूको निरन्तरता | | | | |
| १३ | नगद लागत सहभागिता सार्वजनिक निर्माण कार्यक्रम/योजना | १३०००००० | | १३०००००० | |
| १४ | आयोजना व्यवस्थापन सेवा खर्च ( कन्टेन्जेन्सी) | ४५००००० | | ४५००००० | |
| | **जम्मा खर्च** | ४३४६१०००० | १९२००००० | १७५००००० | ० |
| | **कूल खर्च** | १०६८२९०००० | १४५६००००० | ५०९७००००० | २०५०००० |

**आय व्ययको विवरण** (निर्शत *अनुदान र आन्तरिक आयको मात्र)*

आय तर्फ

गत वर्षका अल्या आम्दानी
अनुमानित आन्तरिक आय
नगद लागत सहभागिता
राजश्व बाडफाड-
वित्तिय समानिकरण
कुल जम्मा

व्यय तर्फ — प्रतिशत

चालु
पुजिगत

जम्मा व्यय:

कमलामाई नगरपालिका
आ.व. २०७६ / ०७७ को
प्रस्तावित वजेट विवरण

रु हजारमा

| सि.नं. | योजनाको नाम, ठेगाना | रकम | कैफियत |
|---|---|---|---|
| १ | विद्युत विस्तार | १०००० | |
| २ | सभाहल निमाण | १०००० | |
| ३ | नदि नियन्त्रण | १०००० | |
| ४ | जस्तापाता | १०००० | |
| ५ | शिक्षा विकास / सधार | १२००० | |
| ६ | सिन्धलीगढी | १०००० | |
| ७ | यवा स्वरोजगार | १०००० | |
| ८ | सेफ हाउस | १५००० | |
| ९ | कषि विकास | ५००० | |
| १० | पश स्वास्थ्य | ५००० | |
| ११ | भिमान बसपार्क | ९००० | |
| १२ | जिल्ला अस्पताल | ५००० | |
| १३ | जनस्वास्थ्य कार्यालय | ३००० | |
| १४ | महिला, बालबालकि अपाङग लगायत लक्षित बर्ग कार्यक्रम | ३००० | |
| १५ | वन तथा वाताबरण | २५०० | |
| १६ | खेलकद विकास | ५००० | |
| १७ | ल्यण्डफिल्ड साईड | ५००० | |
| १८ | कषि तथा पश सहायता कार्यक्रम | ३००० | |
| १९ | वातावरण कोष | ५०० | |
| २० | विपद व्यवस्थापन | २५०० | |
| २१ | दध चिस्यान केन्द्र लगायत दग्धजन्य पदार्थको लागि | ३००० | |
| २२ | न्यायीक समिति | ५०० | |
| २३ | लैंगिकतामा आधारीत हिंसा प्रतिकार्य तथा रोकथाम कार्यक्रम | १५०० | |
| २४ | पार्क व्यबस्थापन | १००० | |
| २५ | नगरपालिका प्रवेशद्धार (कनपा ९ चर) | ४००० | |
| २६ | पिक्नीक स्पोर्ट कनपा १० | ३००० | |
| २७ | माईस्थान पिकनिक स्पोर्ट कनपा ८ | ३००० | |
| २८ | म्याचिङ फण्ड | ६००० | |
| २९ | तारजाली | २००० | |
| ३० | मजदर / विपन्न परीवार स्वास्थ्य विमा | ३००० | |
| ३१ | जनआन्दोलन / वेपत्ता परिवार / सशस्त्र परिवार घाईते | १००० | |
| ३२ | सहकारी व्यबस्थापन | १५०० | |
| ३३ | विपद व्यवस्थापन घर निर्माण, रेडक्रस | २५०० | |
| ३४ | सचना तथा संचार | २००० | |
| ३५ | फोहोरमैला व्यबस्थापन मेसिन खरिद | २००० | |
| ३६ | मोती विन्द / आङखस्ने रोगको उपचार | १००० | |
| ३७ | टोल सधार समिति सहयोग | १००० | |
| ३८ | सामदायिक मेलमिलाप सहयोग | ५०० | |
| ३९ | बधशाला | ३००० | |
| ४० | होमस्टे | ५०० | |
| ४१ | मठ मन्दिर / गम्बा | १००० | |
| ४२ | ग्वाडखोला संरक्षण | १००० | |
| | जम्मा | १७९५०० | |

## कमलामाई नगरपालिकाको सहकारी ऐन २०७५ मा संशोधन गर्नु पर्ने बुँदाहरु

| संघीय सहकारी ऐन २०७४ मा भएका व्यवस्था | कमलामाई नगरपालिकाको सहकारी ऐन २०७५ मा भएको व्यवस्था | संशोधन गर्नु पर्ने बुँदा | कारण |
|---|---|---|---|
| | | परिच्छेद ८ व्यवस्था गर्नु पर्ने । | परिच्छेद ८ नभएको |
| सहकारी संस्थाले सदस्यलाइ प्रदान गर्ने ऋणमा रजिष्ट्रारले अन्यथा तोकेकोमा बाहेक सेवा शुल्क र नविकर शुल्क सम्बन्धित संस्थाको कार्यविधिले तोके बमोजिम हुनेछ । ( **दफा ५० को उपदफा ३ मा)** | संस्थाका सदस्यहरुलाई प्रदान गर्ने ऋणमा सेवा शुल्क र नविकरण शुलक लिन पाईने छैन ( **परिच्छेद ७ को दफा ३ मा व्यबस्था भएको)** | नविकरण शुल्क वापत र सेवा शुल्क वापत १ प्रतिशतले लिन पाईनेछ । | |
| सहकारी संस्थाले प्राथमिक पुँजीकोषको पन्ध्र गुणा सम्म बचत संकलन गर्न सक्ने ( **दफा ५० को उपदफा ७ मा)** | संस्थाले शेयरपुँजी कोषको दश गुणा सम्म बचत संकलन गर्न सक्ने । ( **दफा ३९ को उपदफा ७ मा)** | सहकारी संस्थाले शेयरपुँजीको पन्ध्र गुणा सम्म बचत संकलन गर्न सकिनेछ । | संघिय सहकारी ऐनमा व्यवस्था भएकोले । |
| संस्थामा सदस्यको व्यक्तिगत बचतको सिमा सम्बन्धित संस्थाको विनियममा तोकिए बमोजिम हुनेछ । **(दफा ५२ मा)** | व्यक्तिगत बचतको सिमा संस्थामा सदस्यको व्यक्तिगत बचतको सिमा ३० लाख सम्म हुनेछ । **( दफा ४१ मा)** | संस्थामा सदस्यको बचतको सिमा ५० लाख सम्म हुने छ । | |
| एक वर्षको शेयर लाभांसको रकम शेयर पुँजीको १८ प्रतिशत भन्दा बढि हुने छैन ।**( दफा ७१ को २ )** | एक वर्षको शेयर लाभांसको रकम शेयरपुँजीको १५ प्रतिशत भन्दा बढी हुने छैन । **(दफा ५० को २)** | एक वर्षको शेयर लाभांसको रकम शेयर पुँजीको १८ प्रतिशत भन्दा बढि हुने छैन । | संघिय सहकारी ऐनमा व्यवस्था भएकोले । |
| नभएको | नभएको | सहकारीले लगानी गर्दा कुल लगानीको १० प्रतिशत अनिबार्यरुपले कृषि क्षेत्रमा लगानी गर्नु पर्नेछ र यसको अधिकतम व्याज ५ प्रतिशत भन्दा बढि हुने छैन । | कृषकहरुलाई कृषि उत्पादनमा सहयोग पुगोस भन्ने उद्धेश्यले |